# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

National Human Rights Commission Nepal

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ पुस १६ गते

## महिला हिंसा अन्त्य गरी दोषीमाथि कानुनी कारबाही गर

देशमा केही समययता एकपछि अर्को गरी महिलामाथि भएका हत्या, हिंसा एवम् दुर्व्यवहारका घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

महिला हिंसाविरुद्ध १६ दिने अभियानकै हाराहारीमा देशमा श्रृंखलाबद्ध रूपमा महिला हिंसाका घटनाहरु घटिरहनु र त्यसका लागि प्रतिरोधात्मक व्यवस्था प्रभावकारी नहुनुले आयोगलाई दुःखी तुल्याएको छ ।

भोजपुर घर भएकी एक आप्रवासी कामदार युवतीसँग भएको नगद खोसिनु र त्यसपछि प्रहरीद्वारा बलात्कृत हुनुलगायत महिला हिंसाका अन्य घट्नाका सम्बन्धमा सरकारी तहबाट भइराखेको कारबाही समेतको आयोगबाट नियमित रूपमा अनुगमन र अनुसन्धान भइरहेको छ ।

बर्दियाकी शिवा हासमी, बाराकी विन्दु ठाकुर, धादिङकी सरस्वती सुवेदी तथा सर्लाहीकी ममता महतोको हत्या; एवम् दैलेखकी कावली सार्की, सिरहाकी पूजा शर्मामाथि भएका दुर्व्यवहारलगायत महिलामाथि भएका अपराधिक घट्नाबारे आयोगका सम्बन्धित कार्यालयहरूबाट अनुगमन भइरहेका छन् ।

साथै, लगभग १० महिनादेखि बेपत्ता काठमाडौंकी छोरीमैंया महर्जनको अवस्था अझै अज्ञात रहेको सम्बन्धमा ठोस अनुसन्धान हुन नसकेको स्थिति छ ।

यी घटनाहरुले महिलाको सुरक्षा, मर्यादा र बाँच्न पाउने अधिकारको हनन् भइरहेको छ । महिलामाथि हुने अपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई कानुनको दायरामा ल्याई निष्पक्ष छानबिन गरी कारबाही गर्न र पीडित परिवारलाई राहत, क्षतिपूर्ति र परिपूरणको तत्काल व्यवस्था गर्न आयोग सरकारसँग आग्रह गर्दछ ।

नेपालले अनुमोदन गरिसकेको 'महिलाविरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि' एवम् नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेको महिलाको हकको सम्मान र निर्वाध प्रचलनको लागि समेत आयोग सबै पक्षसँग आग्रह गर्दछ । साथै, महिलामाथि हुने यसप्रकारको हत्या-हिंसा, तथा अमानवीय व्यवहारका श्रृंखला पुनरावृत्ति हुन नदिन तथा 'शून्य सहिष्णुता' को नीति अवलम्बन गर्न समेत आयोग सबैसँग आग्रह गर्दछ ।

साथै, महिलामाथि निरन्तर भइरहेको हत्या-हिंसाको घट्ना रोकथाम गर्न र समयमै उचित न्याय प्रदान गर्न द्रूत-न्याय-सम्पादन अदालत **(Fast Track Court)** गठन गर्न तथा मुद्दाको अनुसन्धान र कारबाही संक्षिप्त कार्यविधि ऐनबमोजिम गर्ने व्यवस्थाका लागि पहल गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

(विशाल खनाल)

सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org